# प्रजातान्त्रिक पद्धति किनारा लागेकै हो ?

**सात सालको जनक्रान्तिले राष्ट्रियताको बलियो र मर्यादित आधार स्थापित गरेको हो । कम्युनिष्टहरू प्रारम्भदेखि यो उपलब्धिप्रति उत्तिको सकारात्मक रहेनन् । नेकपाले शासन सत्ताको बागडोर सम्हालेपछि फागुन सात गतेलाई छायामा राखिएको छ ।**



नारायण भट्टराई

साठी वर्षअघि महाराजाधिराजको राष्ट्रवाद सामुन्ने प्रजातन्त्र बलात् निष्प्राण बन्न पुगेको घटनालाई यसपटक नेकपाको राष्ट्रवादले दोहोर्‍याएको छ । झण्डै दुई तिहाइ नजिकको मतादेशसहितको सार्वभौम संसद संविधान मिचेर चटके लहडमा विघटन गरिएपछि लोकतन्त्र चौबाटोमा अलपत्र बन्न पुगेको छ । नेकपाका अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्रीले पार्टीबाट सरकारलाई कामकाज गर्न नदिएको, प्रधानमन्त्रीका विरुद्ध अविश्वास र राष्ट्रपतिविरुद्ध महाभियोग प्रस्ताव ल्याउने हरकत हुँदै गरेको कारण देखाई नयाँ जनादेशका लागि संसद विघटन गर्न विवश भएको स्पष्टीकरण दिनुभएको छ । हुन पनि एक वर्षदेखि सतहमा देखापरेको कम्युनिष्ट पार्टीको कचिंगल घरि उग्र र घरि मिलापत्रमा थामथुम भएजस्तो देखिए पनि स्थायी समिति र केन्द्रीय कमिटीमा आपसी द्वन्द्वको उपचारतर्फ ध्यान दिएन । ती समितिको बैठकमा छलफल गरी समाधानको बाटो अवलम्बन गरिएन । शक्ति राष्ट्रको प्रत्यक्ष कूटनीतिक पहल, प्रयाश र निर्देशनका बाबजुद नेकपाको आन्तरिक समस्या समाधानको साटो बल्झिँदै जटिलतम बनेर सडकमै छताछुल्ल भएको छ ।

संसद विघटनको चौतर्फी विरोध भएको छ । दिनहुँ सडक प्रदर्शन हुँदै आएका छन् । पूर्वप्रधानन्यायाधीशहरू, न्यायाधीशहरू, वरिष्ठ अधिवक्ताहरू, राजनीतिक विश्लेषकहरूको दृष्टिमा केपी ओलीको संसद विघटन असंवैधानिक काम हो । उहाँहरूको विचारमा ( प्रधानमन्त्रीले आफूसँग हुँदै नभएको अधिकार प्रयोग गर्नुभयो । उहाँले एकै चोटि असंवैधानिक, अप्रजातान्त्रिक र संघीय लोकतान्त्रिक गणतन्त्रविरुद्ध प्रहार गर्नुभयो । उहाँका असंवैधानिक, अप्रजातान्त्रिक कदमको प्रतिरोध हुनु स्वाभाविक हो । राजनीतिक दलहरूले पनि एकस्वरले यो कदमलाई असंवैधानिक र अप्रजातान्त्रिक भनेका छन् । नेपाली कांग्रेसले वडा वडामा समेत विरोधका कार्यक्रम सञ्चालन गर्ने भएको छ । समाजवादी जनता दल र माधव नेपाल र प्रचण्ड टुकडीले पनि यस्तै कार्यक्रम बनाउँदै छन् । यसैबीच चीनले कम्युनिष्टको झगडा सुल्झाउन उच्चस्तरीय प्रमण्डल पठायो । राष्ट्रपति, प्रधानमन्त्री, माधव नेपाल, प्रचण्ड, नारायणकाजीलगायतका नेताहरूको घरमा पुगेर भेट गर्‍यो । यसपटक नेका सभापति शेरबहादुर देउवासँग भेटेर नेपालको आन्तरिक मामिलामा चीनले कुनै प्रकारको हस्तक्षेप गर्दैन भन्यो । भारतले आन्तरिक मामिला भनेर पन्छिएको सन्देश दिन खोजे पनि केही कूटनीतिज्ञ र नेपाल हेर्ने लेखकहरूले नेपाल-भारत सम्बन्धमा यसबाट पर्नसक्ने असरबारे टिप्पणी गरेका छन् । अमेरिका र युरोपतिरबाट खासै चासो राखेजस्तो देखिएको छैन । नेपाली कांग्रेस पार्टी, सत्तारुढ नेकपाको नेपाल-दाहाल टुकडी र जनता समाजवादी दलको सहभागिता रहेको सर्वदलीय बैठकले 'संसद विघटनलाई संविधान र लोकतन्त्रविरुद्धको प्रधानमन्त्रीको हैकमवादी कदम ठहर' गरे पनि संयुक्त कार्यक्रम नहुने भएका छन् ।

पुस एक र पाँच गतेको घटनाको समानता भनेको प्रजातन्त्रको हत्या हो । प्रजातान्त्रिक पद्धतिमा विधिविधान र कानुनबाट बाँधिनुपर्ने अवस्थाले आफू खुशी गर्न खोज्नेहरूलाई प्रजातन्त्र समस्या हुनेगर्छ । महाराजा महेन्द्रको सोच थियो-'यो मुलुक मेरा पुर्खाले आर्जेका हुनाले यसको भोग मैले, मेरो इच्छाएको मेचमा विराजित भएर शासन गर्ने हो । रैतीहरू त्यस्तो मेचमा बस्न आउने होइन । प्रधानमन्त्री वा शासन प्रमुख गरिब निमुखा झुपडीका झुत्रेझाम्रेले छान्ने होइन, दरबारले गर्ने हो ।' यही मनोदशामा महाराजबाट जनताको नासो जनतालाई दान बक्सेको नेपाल अधिराज्यको संविधान-२०१५ खारेज गरिबक्सियो । आफैंले दिएको दान आफैंले फिर्ता लिनु स्थापित वैदिक परम्पराविपरीत काम थियो । नेकपाका प्रधानमन्त्रीको कथन पनि झन्डैझन्डै उस्तै 'मेरै प्रयासमा दुई पार्टी एकीकृत गरिएको हो, मेरै नेतृत्वमा दुई तिहाइ मत आएको हो, मैले नै भारतीय नाकाबन्दी हटाएको हुँ र चीनसँग मैले नै पारवहनलगायत सन्धि गरेको हुँ र मेरै नेतृत्वमा लिपुलेक र लिम्पियाधुरा नेपालको नक्सामा गाभ्न सम्भव भएको हो । मैले नै यो संविधान बनाएको हुँ, मबाट मात्रै सुखी नेपाली समृद्ध नेपाल बन्न सक्छ ...' आदि इत्यादि ।

सात सालको जनक्रान्तिले राष्ट्रियताको बलियो र मर्यादित आधार स्थापित गरेको हो । कम्युनिष्टहरू प्रारम्भदेखि यो उपलब्धिप्रति उत्तिको सरकारात्मक रहेनन् । नेकपाले शासन सत्ताको बागडोर सम्हालेपछि फागुन सात गतेलाई छायामा राखिएको छ । संसदीय पद्धतिलाई बोकाको टाउको देखाएर कुकुरको मासु बेच्ने ठाउँ बनाउन खोज्नेहरूको लागि सत्र सालको कदम उत्प्रेरक रहिआएको छ । बेलाबखत कम्युनिष्ट नेताहरूले महाराजाधिराजको कदमका लागि भक्ति प्रकट गर्ने गरेका छन् ।

राजा जनताको संयुक्त प्रयासमा हालिस गरेको प्रजातन्त्र महाराजलाई समस्या बनेको थियो भने पुस पाँच गतेको संसद विघटन पार्टीभित्रको आपसी लेनदेन, भागबण्डा, सत्तालिप्साको लागि हुने गरेको झगडा र ओलीको सफल मृगौला प्रत्यारोपणबाट असन्तुष्ट नेताहरूको मनोविज्ञान खल्बलिनु प्रमुख कारक मानिएको छ । त्यसका अतिरिक्त शक्तिशाली छिमेकीको निरन्तरको दबाब र एकीकरण प्रक्रियामा कुनै प्रतिबद्धता बेगरको विषको प्याला भित्रिएपछि नेकपामा यथास्थिति चल्नसक्ने अवस्था थिएन । संसद विघटन र ओलीको असंवैधानिक कदम समयक्रममा गरिएका प्रयोग हो भनेर मान्नेहरूको संख्या उल्लेख्य छ ।

**"संविधानसभामा कुनै पार्टीको बहुमत नभएको स्थितिमा विगतमा नेपाली कांग्रेस–माओवादी केन्द्रको मिलिजुली सरकार बनेको थियो । यो गठबन्धन सरकारको नेतृत्वबाट पुष्पकमल दाहाल निवृत्त भई शेरबहादुर देउवा प्रधानमन्त्री हुँनासाथ आश्चर्यजनक ढंगले एमाले र माओवादी केन्द्र एकीकृत भए ।**

कम्युनिष्ट स्कुलिङ विपक्षप्रति आक्रामक रहने गरेको छ । नेपालको सन्दर्भमा नेपाली कांग्रेसको खोइरो खन्नु कम्युनिष्ट सिद्धान्त र दर्शन जस्तै बन्न पुगेको थियो । विगतमा, सत्र सालको दुर्घटनापछि, संसद पुनर्स्थापनाको माग गर्नुहुने कम्युनिष्ट पार्टीका संस्थापक नेता पुष्पलालप्रति त्यही पार्टीका क्याडर असहिष्णु देखिए, आक्रामक बने । आफ्ना संस्थापक नेताका विरुद्ध पुस्तिका नै प्रकाशित गरी गद्दार घोषित गरे । राष्ट्रको प्रजातान्त्रिक मूलधारभित्र घुसपैठ गरेर भाँडभैलो मच्चाउने लेनिनीय पद्धतिलाई हामीकहाँ वैज्ञानिक समाजवाद महत्त्वपूर्ण आयाम मानिन्छ । स्तालिनीय परम्परामा सुधारवादी नेताहरूको तेजोबध गर्नु क्रान्ति मानिन्थ्यो ।

यही भूतको घोडामा सवार भएका कम्युनिष्टहरूले पुष्पलाललाई गद्दार घोषित गरेका थिए । विश्वपरिदृश्यमा अस्ताचलमा पुगेका कम्युनिष्टहरूलाई गणेशमान सिंहको सदाशयतापूर्ण आग्रहमा प्रजातान्त्रिक मूलधारमा स्थापित गराइएको थियो । अहिले आफ्नो हैसियत र मतादेशको महत्त्व बुझ्न नसक्ने कम्युनिष्टका आरोपप्रत्यारोपहरू र त्यसमा उल्लेखित भाषा शैलीबाट कम्युनिष्टहरू स्कुलिङको संस्कृति र सभ्यता कस्तो हुँदोरहेछ भन्ने कुरा प्रतिध्वनित भएको छ ।

बृहत्तर कम्युनिष्ट स्थापित भएको दाबीका साथ मार्क्सवादी चिन्तनको नयाँ युग नेकपाको उदयका साथ प्रारम्भ भएको सन्देश प्रवाह गरियो । लेनिनीय ढाँचाको राज्य सञ्चालनको बाटो पहिल्याउन दर्जनौं गोष्ठी, सभा र सेमिनारहरू आयोजना गरियो । यसैबीच कोभिड १९ व्याधिले दुनियाँ प्रताडित हुन पुग्यो । हामी पनि अछुत रहेनौं । देशवासीका कष्ट, पीडा र अभावप्रति सरकारले लामो पट्यारलाग्दो लकडाउन गरेर जिम्मेवारीबाट पन्छियो भने पार्टीनेताहरूको नाउँमा गठित विभिन्न प्रतिष्ठानलाई राज्य ढुकुटीबाट अर्बौं रकम अनुदान उपलब्ध गराएर पार्टीभित्र एकता कायम राख्ने निरर्थक प्रयाश भयो । आफ्नै पार्टीभित्र व्यवस्थापन गर्न नसकेर दुई तिहाइ नजिकको मतादेश भएको संसद विघटन गरेर वीरता देखाउन खोज्नु अयोग्यता र अकर्मण्यता हो ।

प्रधानमन्त्री केपी ओलीमाथि कार्यकारी अध्यक्ष पुष्पकमल दाहालद्वारा लगाइएका १८ सूत्रीय फौजदारी प्रकृतिका आरोपहरू र त्यसको प्रत्युत्तरमा प्रधानमन्त्री केपी ओलीले लगाउनु भएका फौजदारी प्रकृतिका ३८ बुँदे प्रत्यारोपहरू झन् डरलाग्दा छन् । यी दुवै आपराधिक प्रकृतिका मुद्दाहरूको छानविन गरी कारबाही चलाउनुपर्नेमा सत्तारुढ दल, प्रमुख प्रतिपक्ष तथा नागरिक अभियन्ताहरूबाट यसबारे छानबिन गराउने गहकिलो पहल हुने कुरा त परै जावस् यसमा उल्लेखित विषयमाथि सामान्य टिप्पणीसमेत गरिएन ।

झन्डै एक महिना बितिसक्यो, कुनै पनि संवैधानिक निकायबाट यसउपर ध्यानाकर्षण हुन सकेको छैन । कम्युनिष्ट शासनमा सबै संवैधानिक निकम्मा बनेका छन् भन्ने देखिन्छ । राज्यलाई आत्माविहीन बनाउने कम्युनिष्ट शासन मुलुककै लागि कलंक बनेको छ । लोकनायक गणेशमान सिंहले बीसबाईस गुटमा विभाजित कम्युनिष्ट टुकडीलाई २०४६ सालको जनआन्दोलनमा बाममोर्चाको नाउँमा एकीकृत गराउने ऐतिहासिक पहल गर्नु भएको थियो । तैपनि केही टुकडीहरू सडकतिर बरालिँदै थिए । प्रजातन्त्र पुनर्स्थापनापश्चात सम्पन्न आम निर्वाचनबाट गठित सरकारले (२०४८-२०५१) आर्थिक, सामाजिक, संस्कृतिक तथा राजनीतिक दृष्टिले प्रजातान्त्रिक पद्धति र संस्कारको पहिचान दिनसक्ने उल्लेख्य काम गरेको थियो । राष्ट्रियता र प्रजातन्त्रको नयाँ प्रयोगबाट मुलुकमा स्थायित्व कायम रहने आमधारणा बनेको थियो । देशको स्थायित्व र प्रजातान्त्रीकरण प्रक्रिया सार्थक हुँदा अस्थिरतावादी अतालिए ।

चक्रब्युहको माखेसाङ्लोमा बहुमतको नेपाली कांग्रेस सरकार फस्यो । आर्थिक वर्ष २०५१/०५२ का लागि संसदमा पेश गरेको नीति तथा कार्यक्रम असफल हुँदा दायाँबायाँ नहेरी संसद विघटन गरियो । मध्यावधि चुनावले छासमिसे संसद निर्माण गर्‍यो । संसदमा ठूलो दल बनेको एमाले पार्टीले सत्ता सम्हाल्यो । नौ महिनाको सरकारले एकाध देखिने काम गरे पनि नीतिगत तहमै संस्थागत बेतिथि र भ्रष्टाचार स्थापित भएको कुरा त्यो मन्त्रिमण्डलका वरिष्ठ सदस्य सिपी मैनालीले धेरै पटक सार्वजनिक गरिसक्नु भएको थियो ।

यो बेथिति यति बिघ्न सशक्त बन्यो कि यसपछिका कुनै पनि सरकारले अस्थिरता र भ्रष्टाचार जस्ता बेथिति रोक्न सकेनन्, यसैमा बग्न थाले । माओवादीको हिंसात्मक आतंकको राजनीतिको बीजारोपण यति बेलै भयो । जनगणतन्त्रको स्थापनाको नाउँमा भएको हिंसात्मक आतंक र लुटपाटको राजनीतिक अवतरण पनि संसदीय प्रजातान्त्रिक मूलधारमा सम्भव भयो । यही मूलधारको संसदीय पद्धतिको सरकारले संविधान मिचेर संसद विघटन गरेको हो ।

संविधानसभामा कुनै पार्टीको बहुमत नभएको स्थितिमा विगतमा नेपाली कांग्रेस-माओवादी केन्द्रको मिलिजुली सरकार बनेको थियो । यो गठबन्धन सरकारको नेतृत्वबाट पुष्पकमल दाहाल निवृत्त भई शेरबहादुर देउवा प्रधानमन्त्री हुँनासाथ आश्चर्यजनक ढंगले एमाले र माओवादी केन्द्र एकीकृत भए । नेपाली कांग्रेस र माओवादी केन्द्रबीचको सहकार्य राष्ट्रिय मूलधारको शान्तिपूर्ण अभ्यासलाई मौलिकता प्रदान गर्ने गिरिजाप्रसाद र पुष्पकमल बीचको समझदारीको प्रसंग धेरै पटक दोहोर्‍याउने पुष्पकमल दाहाल हठात उहाँ युटर्न गर्नुभयो । सबै चकित भए पनि राजनीतिक इमानदारी, नैतिकता र विश्वास एकतर्फी ढंगले तोडेर कम्युनिष्ट पार्टी एकीकृत भएको भनिएको घटनालाई अहिले कम्युनिष्ट पार्टीकै शीर्ष नेताहरू भन्न थालेका छन्-'राष्ट्रवादी प्रजातान्त्रिक शक्तिलाई किनारा लगाएर सत्ता हत्याउने प्रपञ्चमात्र थियो त्यो ।'

**Bandipur Rural Municipility**
**Office of Rural Municipal Executive**
Bandipur, Tanahun
Gandaki Provience

**INVITATION FOR BIDS**

Date of publication: 2077/09/26

Bandipur Rural Municipility, Office of Rural Municipial Executive, Bandipur Tanahun invites online electronic bids only from Nepalese eligible bidders for the following Bids under National Competitive Bidding procedures.

| S. N. | Contract Identification No:- | Name of Contract | Estimated Amount in Nrs (excluding VAT) | Bid Document Fee(Nrs) | Bid Security (Nrs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | BRM/RD/06/ 2077/078 | Upgrading of Ramkot Chhirkan Road | 72,02,591.04 | 3000 | 2,03,000.00 | |
| 2. | BRM/RD/09/ 2077/078 | Upgrading of Bandipur -Dharampani Road | 43,15,703.97 | 3000 | 1,25,000.00 | |

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bandipur Rural Municipility, Office of Rural Municipal Executive, Bandipur Tanahun or may visit PPMO website www.bolpatra.gov.np/egp.
2. Bidder should submit their bid electronically.Bidders can download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Office's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank:** **NIC Asia Bank Ltd.**
   **Name of Office:-** **Bandipur Rural Municipility**
   **Office Account no.: -** **1464150026912002**
3. Pre-bid meeting shall not be held.
4. Sealed or electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 on 2077/10/26. Bids received after this deadline will be rejected.
5. The Online bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14 :00 hrs,on 2077/10/26 at the office of Rural Municipal Executive. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting as mention above, which shall be valid for 30 days beyond the validity period of the bid .
6. The Bandipur Rural Municipility reserves right to accept or reject ,wholly or partly any or all the the bids without assigningreason, whatsoever. Other mandatory information as per PPA and PPR.
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Mahesh Subedi**
**(Chief Administative Officer)**

**Dullu Municipality**
**Office of Municipal Executive**
Dullu, Dailekh
Karnali Province, Nepal

**Invitation For Bids**

**IFB No: WORKS/NCB/16/077/078**
***First Date of Publication: 26/09/2077 (10 January, 2021)***

1. ***Dullu Municipality, Dailekh*** invites only electronic bids from Nepalese eligible bidders for the construction of ***below listed execution of works*** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Dullu Municipality, Dailekh*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder have only option to submit their bid electronically & Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: ***Rastriya Banije Bank, Dullu, Dailekh***
   Name of Office: ***Dullu Municipality, Dullu, Dailekh***
   Office Code No. : 80667403
   Office Account No.: Rajaswa (revenue) Shirshak No. 4340100301010002 &
   Dharauti Khatta(Deposit Acct.) No: 4340100303000002
4. Pre-bid meeting shall not be held.
5. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egpon or before ***12:00*** on ***27/10/2077***. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00*** on ***27/10/2077***.at the office of ***[Dullu Municipality, Dullu, Dailekh]***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs as mentioned as below ***(2 to 3 % of estimated amount inclusive VAT)]***, which shall be valid for 30 days beyond the validity period of the bid i.e 120 days after bid opening.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatever.
9. Any matters not covered in this notice shall be as per PPA and PPR of GoN.

| S. N. | Contract No | Work Description/ Name of Project | Estimated Amount Without VAT & Contingencies (NRs) | Bid Security amount (NRs) | Bid Document Fee (NRs) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | Works/ NCB/16/ 2077/078 | Bidhuth Saman Kharit Tatha Bistar Karya Dullu Municipality-13. Dullu, Dailekh | 1926017.00 | 60000.00 | 3000.00 | 120 Days |

**Chief Administrative Officer**